अनुसूची- २

(बुँदा ४. १ सँग सम्बन्धित आवेदनको ढाँचा)

**आमाछोदिङमो गाउँकार्यपालिकाको कार्यालय**

गोल्जुङबेंसी, रसुवा

बागमती प्रदेश, नेपाल

करारमा सेवा लिने सम्बन्धी सूचना

**( प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/५/१६)**

**संसोधन मितिः २०८१/५/२६**

आमाछोदिङमो गाउँपालिकाको बिभिन्न पदमा रहने गरी देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दिनको २:०० बजेसम्म यस कार्यालयको राजस्व शाखामा नियमानुसार राजश्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । यसको दरखास्त फाराम, कार्यालयबाट वा वेवसाइट www.aamachhodingo.gov.np बाट उपलब्ध हुनेछ ।

| क्र.सं | विज्ञापन नं | पदको नाम | छनौट बिधि | संख्या | तह | आवेदन दिने अन्तिम मिति |
|---|---|---|---|---|---|---|
| १ | १/०८१/०८२ | रोजगार संयोजक | लिखित तथा अन्तर्वार्ता | १ | सहायकस्तर पाँचौ | २०८१।६।५ |
| २ | २/०८१/०८२ | रोजगार सहायक | लिखित तथा अन्तर्वार्ता | १ | सहायकस्तर चौथो | २०८१।६।५ |
| ३ | ३/०८१/०८२ | प्राविधिक सहायक | लिखित तथा अन्तर्वार्ता | १ | सहायकस्तर चौथो | २०८१।६।५ |
| ४ | ४/०८१/०८२ | नायब प्राविधिक सहायक (कृषि) | लिखित तथा अन्तर्वार्ता | १ | सहायकस्तर चौथो | २०८१।६।५ |
| ५ | ५/०८१/०८२ | ना.प.से.प्रा.(पशु) | लिखित तथा अन्तर्वार्ता | १ | सहायकस्तर चौथो | २०८१।६।५ |

**२. शैक्षिक योग्यता र अनुभवः**

१. नेपाली नागरिक ।

२. न्यूनतम योग्यता नेपाल सरकारवाट मान्यता प्राप्त विश्वविद्यालयवाट सम्बन्धित विषयमा नेपालको प्रचलित कानुन बमोजिम न्यूनतम शैक्षिक योग्यता सम्बन्धी उपाधि हासिल गरेको ।

३. १८ वर्ष उमेर पुरा भई ३५ वर्ष तर महिलाको हकमा ४० बर्ष ननाघेको वा सम्बद्ध विषय र कार्यक्षेत्रसँग सम्बन्धित नेपालको प्रचलित कानूनले तोके बमोजिमको उमेर हद ननाघेको ।

४. नेपालको प्रचलित कानुन बमोजिम सम्वद्ध विषय र कार्यक्षेत्र तथा कार्यप्रकृति अनुसारको दर्ता हुनु पर्ने भनी तोकेको संस्थामा दर्ता भएको प्रमाणपत्र

६. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

**३. दरखास्तमा संलग्न गर्नुपर्नेः-** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनु पर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ ।

४) कर्मचारी छनौट गर्ने तथा नगर्ने सम्पूर्ण अधिकार आमाछोदिङमो गाउँपालिकामा निहित हुनेछ ।

५) बिदा लगायत अन्य सेवा तथा सुविधाको हकमा गाउँपालिकासंग हुने करार सम्झौता बमोजिम हुनेछ ।

६) सूचनामा उल्लेख भए बाहेकका अन्य आवश्यक कुराहरु उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

७) परिक्षा तथा अन्तरबार्ताः दरखास्त दिने म्याद समाप्त भएको मिति सकिए पछि तोकिनेछ ।

थप जानकारीको लागि गाउँपालिकाको सम्पर्क नं. ९७६६४३०६०२ मा सम्पर्क गर्न सक्नु हुनेछ वा गाउँपालिकाको ईमेलः aamachhodingmo@gmail.com & info@aamachhodingmomun.gov.np मा ईमेलद्वारा समेत बुझ्न सक्नु हुनेछ ।

CamScanner

CamScanner